

# अर्जुनधारा नगरपालिका
## नगर कार्यपालिकाको बैठक

**बैठक संख्याः** १५/०८१/०८२ **मितिः** २०८२/०२/२५

**अध्यक्षताः** नगर प्रमुख श्री बलदेवसिंह गोम्देन तामाङ

### उपस्थिति

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री बलदेवसिंह गोम्देन तामाङ | उपस्थित |
| उप प्रमुख | श्री खड्गमाया पराजुली | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १ | श्री उपेन्द्र बस्नेत | |
| वडा अध्यक्ष,वडा नं २ | श्री नरेन्द्र कुमार श्रेष्ठ | |
| वडा अध्यक्ष,वडा नं ३ | श्री सिताराम भट्टराई | |
| वडा अध्यक्ष,वडा नं ४ | श्री अम्बर बहादुर कटुवाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ५ | श्री गिताराज खड्का | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ६ | श्री हरिश्चन्द्र बास्तोला | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ७ | श्री गोविन्द प्रसाद खतिवडा | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ८ | श्री कुमार प्रसाद उप्रेती | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ९ | श्री भिष्म मिश्र | |
| वडा अध्यक्ष,वडा नं १० | श्री भूपेन्द्र नेउपाने | उपस्थित |
| वडा अध्यक्ष, वडा नं ११ | श्री खगेन्द्र इङ्नाम | उपस्थित |
| कार्यपालिका सदस्य | श्री कौशिलाल परियार | उपस्थित |
| कार्यपालिका सदस्य | श्री गौरीमाया चिमरिया | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्र कुमारी तामाङ | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्रमाया तामाङ | उपस्थित |
| कार्यपालिका सदस्य | श्री नरेन्द्रबहादुर राई | |
| कार्यपालिका सदस्य | श्री मुना खत्री | |
| कार्यपालिका सदस्य | श्री विमला रोक्का | |
| कार्यपालिका सदस्य | श्री सन्तोष मेचे | उपस्थित |
| सचिव, प्रमुख प्रशासकीय अधिकृत | श्री तिलोचन रिमाल | उपस्थित |

**प्रस्ताव नं १ अख्तियारी सम्बन्धमा ।**

**प्रस्तावको व्यहोराः** निवेदक विनिताश्री कन्स्ट्रक्सन प्रा.लि.द्वारा सम्मानित उच्च अदादलत विराटनगरको इलाम इजलासमा यस नगरपालिकाको कार्यालय, नगर प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृत समेतलाई विपक्षी बनाई दायर गरेको कोड नं ०८१- WO-००८५, ०८१- WO-०८६, ०८१- WO-०८७, ०८१- WO-०८८ र ०८१- WO- ०८९ समेतका मुद्दाका सम्बन्धमा कार्यालयको तर्फबाट छलफलमा उपस्थित हुन, लिखित जवाफ पेश गर्न, प्रमाण पेश गर्न, वारेस नियुक्ति गर्न समेतका सम्पूर्ण कार्यका लागि कार्यालयको तर्फबाट प्रतिनिधित्व गर्न कार्यालयको तर्फबाट १ जना प्रतिनिधि तोक्नुपर्ने भएकाले सोको लागि आवश्यक छलफल तथा निर्णयका लागि विषय पेश भएको ।

**निर्णयको व्यहोराः** उक्त प्रस्तावमा छलफलका हुँदा पेश भए बमोजिम कार्यालयको तर्फबाट छलफलमा उपस्थित हुन, लिखित जवाफ पेश गर्न, प्रमाण पेश गर्न, वारेस नियुक्ति गर्न समेतका सम्पूर्ण कार्यका लागि कार्यालयको तर्फबाट प्रतिनिधित्व गर्न नगर कार्यपालिकाको कार्यालयका योजना शाखा प्रमुख अधिकृत, अधिकृतस्तर आठौं श्री हिमराज सेडाईंलाई प्रतिनिधि तोक्ने निर्णय गरियो ।

**प्रस्ताव नं २ विद्यालयको मर्मत सम्भार तथा विपद् व्यवस्थापन कार्यक्रम सम्बन्धमा ।**

**प्रस्तावको व्यहोराः**

**१. यस अर्जुनधारा नगरपालिकाको चालु आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत विद्यालयको मर्मत सम्भार तथा विपद् व्यवस्थापनका लागि रु ८ लाख विनियोजन भएकोमा यस कार्यपालिकाको शिक्षक दरबन्दी पुनरावलोकन अध्ययन समितिबाट स्थलगत अनुगमन भई देहाय बमोजिमका विद्यालयहरुमा देहाय बमोजिमको कार्यक्रमका लागि रकम बाँडफाँड हुन सिफारिस प्राप्त भएको ।**

| सि.नं. | विद्यालय | क्रियाकलाप | रकम (रु) |
|---|---|---|---|
| १ | लक्ष्मी प्रा.वि. अर्जुनधारा-४ | टिनको छानो र खानेपानीको व्यवस्थापन | १,९०,०००/- |
| २ | नवज्योती प्रा.वि. अर्जुनधारा ५ | टिनको छानो र बरण्डा व्यवस्थापन | १०००००/- |
| ३ | सिंहेश्वरी प्रा.वि. अर्जुनधारा १० | टिनको छानो व्यवस्थापन | १,५०,०००/- |
| ४ | नवज्योती प्रा.वि. अर्जुनधारा २ | टिनको छानो र बरण्डा व्यवस्थापन | १,५०,०००/- |
| ५ | गणेश आ.वि. अर्जुनधारा १ | टिनको छानो व्यवस्थापन | १,५०,०००/- |
| ६ | सिंहवाहिनी प्रा.वि. अर्जुनधारा १० | बालमैत्री यूरिनल/शौचालय व्यवस्थापन | ६०,०००/- |

१. यस नगरपालिकाको चालु आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत शिक्षा तर्फका कार्यक्रमहरुलाई देहाय बमोजिम रकमान्तर गरी कार्यक्रम सञ्चालनका लागि पेश भएको ।

| **साविक कार्यक्रम** | **रकम(रु)** | **संशोधित कार्यक्रम** | **रकम(रु)** |
|---|---|---|---|
| बालविकास सुदृढीकरण अनुदान | २००००० | बालविकास सुदृढीकरण अनुदान | ५००००० |
| बाल विकास सहजकर्ताका लागि पुनर्ताजगी तालिम | ३००००० | | |
| मेयरसँग विद्यार्थी कार्यक्रम | ५००००० | सामुदायिक विद्यालयमा इ हाजिरी | २५०००० |

| | | | |
|---|---|---|---|
| | | जडान तथा व्यवस्थापन | |
| | | शिक्षा शाखाका लागि ल्यापटप/प्रिन्टर खरिद | १५०००० |
| | | विपद् व्यवस्थापन कोष | १००००० |
| सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा १-५ मा अध्ययनरत विद्यार्थीहरुलाई पोशाक तथा अभिभावकविहिन विद्यार्थीलाई आवाश खर्च मध्येबाट | २००००० | विपद् व्यवस्थापन कोष | २००००० |
| अभिभावक शिक्षा कार्यक्रम | ४२०००० | विपद् व्यवस्थापन कोष | ४२०००० |

उपर्युक्त बमोजिम बालविकास सुदृढिकरण अनुदान देहाय बमोजिमका विद्यालयहरुलाई देहाय बमोजिम उपलब्ध गराउने ।

| सि.नं. | विद्यालयको नाम | रकम (रु) |
|---|---|---|
| १ | जनता माध्यमिक विद्यालय, अर्जुनधारा-३ | १ लाख |
| २ | नवदुर्गा आधारभुत विद्यालय अर्जुनधारा-४ | १ लाख |
| ३ | बालकल्याण आधारभुत विद्यालय अर्जुनधारा-६ | ५० हजार |
| ४ | सिंहेश्वरी प्राथमिक विद्यालय, अर्जुनधारा-२ | ५० हजार |
| ५ | सिंहवाहिनी प्राथमिक विद्यालय, अर्जुनधारा-१० | ५० हजार |
| ६ | भानु आधारभुत विद्यालय, अर्जुनधारा-३ | ५० हजार |
| ७ | अर्जुनधारा मा.वि. अर्जुनधारा-४ | ५० हजार |
| ८ | भिमले आधारभुत विद्यालय, अर्जुनधारा-१ | ५० हजार |

२. यस नगरपालिकाका सामुदायिक विद्यालयले पेश गरेका कागजात तथा आवश्यकताका आधारमा तपसिल बमोजिमका विद्यालयहरु विद्यालयमा ICT व्यवस्थापन अनुदानका लागि उपलब्ध गराउनका लागि सिफारिस भई पेश भएको ।

क. श्री जनता माध्यमिक विद्यालय .अर्जुनधारा३-

ख. श्री नवदुर्गा आ .वि.अर्जुनधारा-४

ग. भानु माध्यमिक विद्यालय अर्जुनधारा-५

**निर्णयको व्यहोराः** उपर्युक्त बमोजिम प्रस्तावमा पेश भए बमोजिमका कार्यक्रमहरु रकमान्तर गरी तोकिएका विद्यालयहरुमा अनुदान उपलब्ध गराउने निर्णय गरियो।

**प्रस्ताव नं ३ प्रस्तावको व्यहोराः शाखा स्थापना गर्न अनुरोध सम्बन्धमा ।**

प्रस्तावको व्यहोराः यस अर्जुनधारा नगरपालिका क्षेत्रमा हाल सरकारी स्वामित्वको बैंक नभएको र स्थानीय उपभोक्ताहरुबाट कृषि विकास बैंकको नयाँ शाखा यस अर्जुनधारा नगरपालिकामा समेत स्थापना गर्नका लागि आवश्यक पहल गर्न अनुरोध भई रहेको सम्बन्धमा उप प्रमुखज्यूको संयोजकत्वमा यस क्षेत्रको व्यापारिक एवं आर्थिक गतिविधिहरुको अध्ययन गरी प्रतिवेदन पेश गर्ने भनी मिति २०८२/०२/०४ गतेको नगर कार्यपालिकाको बैठकबाट निर्णय भएकोमा सो निर्णयानुसार उप प्रमुखज्यूबाट अध्ययन प्रतिवेदन पेश भई थप छलफल तथा निर्णयार्थ प्रस्ताव पेश भएको ।

**निर्णयको व्यहोराः** उक्त प्रस्तावमा छलफल गर्दा अध्ययन प्रतिवेदन बमोजिम यस क्षेत्रमा सरकारी स्वामित्वको कृषि विकास बैंक स्थापना गर्न आवश्यक भएको भन्ने राय प्राप्त भएको हुँदा देहाय बमोजिमको प्रतिबद्धता एवं अनुरोध सहित नगरपालिकाबाट औपचारिक रुपमा शाखा स्थापनाका लागि अनुरोध गर्ने निर्णय गरियो ।

क. शाखा सञ्चालनका लागि बैंकको स्वामित्वमा रहेको जग्गामा भवन निर्माण नहुँदासम्म बजार क्षेत्रमा घर भाडामा लिई सेवा सञ्चालन गर्न अनुरोध गर्ने, सो कार्यमा नगरपालिकाबाट आवश्यक समन्वय तथा सहजिकरण गर्ने ।

ख. शाखा स्थापना भएपश्चात नगरपालिकाको सम्पूर्ण वित्तीय कारोबार कृषि विकास बैंकबाट नै गर्ने ।

ग. बैको शाखा सञ्चालन तथा सेवा प्रवाहका लागि आवश्यक स्थानीय सहयोग, समन्वय तथा प्रशासनिक प्रक्रियामा सहयोग गर्ने ।

घ. नगरपालिकाको अध्ययन प्रतिवेदन संलग्न राखी बैंकमा औपचारिक अनुरोध गर्ने ।

प्रस्ताव नं ४ रकम विनियोजन सम्बन्धमा ।

प्रस्तावको व्यहोराः

१. यस अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको कार्यालय अन्तर्गत अर्जुनधारा नगरपालिका वडा नं ९ मा रहेको पशुपंक्षी तथा मत्स्य विकास शाखाको साविक तथा नवनिर्मिति भवन परिसरमा वाल कम्पाउन्ड मर्मत तथा नयाँ निर्माण गर्नु आवश्यक भएको हुँदा सोको लागि आवश्यक रकम विनियोजन हुन छलफल तथा निर्णयार्थ बैठकमा पेश भएको ।
२. यस अर्जुनधारा नगरपालिकको चालु आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत कार्यक्रम अन्तर्गत अर्जुनधारा नगरपालिका वडा नं ९ मिलन चौक देखि रेखाखोलासम्म जाने सडक कालोपत्रे तथा चियाबारीबाट गार्गी भवन जोड्ने सडक कालोपत्रे गरिएको र गत आर्थिक वर्षमा अर्जुनधारा नगरपालिका वडा नं १ मा मदनपुरदेखि सिस्ने स्कुलसम्म जाने सडक कालोपत्रे गरिएकोमा ती सडकहरुमा सडक सुरक्षाका लागि रोड मार्किङ गर्नुपर्ने भएकाले उक्त आयोजनाका लागि आवश्यक रकम विनियोजन हुन छलफल तथा निर्णयार्थ बैठकमा पेश भएको ।
३. आउँदो वर्षातको समयमा हुन सक्ने सम्भावित विपद् रोकथाम तथा भैपरी व्यवस्थापनका लागि तारजाली खरिद गर्नुपर्ने भई सो सम्बन्धमा आवश्यक छलफल तथा निर्णयार्थ बैठकमा पेश भएको ।

**निर्णयको व्यहोराः** उक्त प्रस्तावमा छलफल गर्दा पशुपंक्षी तथा मत्स्य विकास शाखाको साविक तथा नवनिर्मिति भवन परिसरमा वाल कम्पाउन्ड मर्मत तथा नयाँ निर्माणका लागि शाखाको नयाँ भवन निर्माणका लागि विनियोजित रकम मध्येबाट बाँकी रकमबाट रु १० लाख विनियोजन गर्ने, प्रस्तावमा उल्लेखित सडकहरुमा रोड मार्किङ गर्नका लागि समपुरक कोषबाट रु १० लाख र तारजाली खरिदका लागि विपद् व्यवस्थापन कोषबाट रु १० लाख विनियोजन गर्ने निर्णय गरियो।

**प्रस्ताव नं ५ भेरिएसन अर्डर स्वीकृति सम्बन्धमा ।**

**प्रस्तावको व्यहोराः**

१. यस अर्जुनधारा नगरपालिकाको चालु आर्थिक वर्षको स्विकृत बजेट तथा कार्यक्रम अन्तर्गत ठेक्का व्यवस्थापन भएको सिमल चौक-कालिझोडा सडक कालोपत्रे अर्जुनधारा-१० आयोजनाको साइटको आवश्यकता बमोजिम लम्बाइ बढाउनु पर्ने भएको र त्यहाँ भएको पुराना ह्युमपाइपहरु परिवर्तन गरी नयाँ लगाउनुपर्ने भई रु २१,८६,१२८/- (भ्याट बाहेक) को भेरिएसन अर्डर स्वीकृतिका लागि पेश भएको ।

२. यस अर्जुनधारा नगरपालिकाको चालु आर्थिक वर्षको स्विकृत बजेट तथा कार्यक्रम अन्तर्गत ठेक्का व्यवस्थापन भएको सुखानी पार्क सौन्दर्यिकरणका लागि कम्पाउन्ड वाल निर्माण आयोजनाको साइटको आवश्यकता बमोजिम लम्बाइ बढाउनु पर्ने भएको हुँदा रु ७,४४,८७८।४३ (भ्याट बाहेक) को भेरिएसन अर्डर स्वीकृतिका लागि पेश भएको।

३. यस अर्जुनधारा नगरपालिकाको चालु आर्थिक वर्षको स्विकृत बजेट तथा कार्यक्रम अन्तर्गत ठेक्का व्यवस्थापन भएको शनिश्चरे खानेपानी नयाँ कृषि बजार जाने बाटो कालोपत्रे आयोजनाको साइटको आवश्यकता बमोजिम लम्बाइ बढाउनु पर्ने भएको हुँदा रु ९,५३,०००/- (भ्याट बाहेक) को भेरिएसन अर्डर स्वीकृतिका लागि पेश भएको।

**निर्णयको व्यहोराः** प्रस्तावमा पेश भए बमोजिमको भेरिएसन अर्डर सोही आयोजनाका लागि विनियोजित बजेटबाट खर्च लेख्ने गरी स्वीकृत गर्ने निर्णय गरियो।